कार्यालय कोड २१०००७७०'

# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## विज्ञप्ती

यस आयोगबाट मिति २०८०।०६।१३ गते संचालित वि.नं. ५३९-५४०/०७९-८०, कृषि सेवा, ला.पो. एण्ड डे.डे. भेटेनरी समूह, नायब पशु सेवा प्राविधिक/नायब पशु स्वास्थ्य प्राविधिक पदको लिखित परीक्षामा कैलाली बहुमुखी क्याम्पस, धनगढी "ख" केन्द्र कोठा नं. ५ Block C मा जोगराज जोशी नाम गरेका व्यक्तिलाई निरीक्षकले क्याम्पसको अफिसमा लिई भित्रैबाट उत्तरपुस्तिकामा गोलो लगाई ल्याई बुझाएको भनी सामाजिक संजालमा प्रकाशित विषयमा यस आयोगको ध्यानाकर्षण भएको छ। सो सम्बन्धमा निज उम्मेदवार जोगराज जोशीले अपाङ्गताको प्रमाणपत्र सहित मेरो दुवै आँखा अक्षर नै नदेख्ने गरी कमजोर (-१४ पावरको चस्मा प्रयोग गरिरहेको) भएकोले परीक्षामा नियमानुसार सहयोगी लेखक उपलब्ध गराई पाउँ भनी मिति २०८०/०५/१९ मा निवेदन दिनु भएको हुँदा प्रदेश लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका, २०७८ को दफा ३२ मा सहयोगी लेखक आवश्यक पर्ने अवस्थामा उम्मेदवारले विशेष परिस्थिति बाहेक परीक्षा शुरु हुनु भन्दा कम्तिमा १० दिन अगाडि आयोगमा निवेदन दिने र सोही बमोजिम आयोगले सहयोगी लेखकको रोष्टरबाट खटाउने व्यवस्था भए अनुसार आयोगको मिति २०८०/०६/११ (सचिवस्तर) को निर्णयानुसार निज निवेदक जोगराज जोशीलाई सहयोगी लेखक उपलब्ध गराई छुट्टै कोठामा १ जना निरीक्षक सहित कैलाली बहुमुखी क्याम्पस, धनगढी "घ" केन्द्रमा परीक्षा केन्द्र कायम गरी परीक्षा संचालन गरिएको व्यहोरा स्पष्ट गरिएको छ। प्रदेश लोक सेवा आयोगको विषयमा आयोगसँग सम्पर्क नगरी यस्ता भ्रामक र कपोलकल्पित झूठा समाचार सम्प्रेषण नगर्न, नगराउन समेत सम्बन्धित सबै पक्षसँग अनुरोध गर्दछु।

सत्यराज जोशी
सुचना अधिकारी
शाखा अधिकृत

२०८० साल असोज १४ गते आईतवार।